WWW.ASKNETWORK.NET

Nepali

माग्नु
परमेश्वरको वचनद्वारा

माग्नु परमेश्वरको वचनद्वारा

तपाईंले आफ्नो नाउँ र आफ्नो वचनलाई
सबै कुराभन्दा उच्च पार्नुभएको छ। भजनसंग्रह १३८:२

येशूले भन्नुभयो: **मेरो नाउँमा माग...**

आस्क नेटवर्कको विशिष्ट बोलावट भनेको प्रार्थना गर्नुअघि र कुनै कार्य गर्नुअघि परमेश्वरको आवाज सुन्नु हो। उहाँको वचनद्वारा बोल्नका लागि हामी उहाँको प्रतीक्षा गर्छौं र पवित्र आत्माले हामीलाई के प्रकट गरिरहनुभएको छ, त्यसप्रति प्रतिक्रिया जनाउने जिम्मेवारी लिन्छौं। हामी जोश र लगनशीलताका साथ परमेश्वरको वचनअनुसार प्रार्थना गरेर र त्यसपछि आज्ञापालन गरेर यस्तो गर्छौं। परमेश्वरले हाम्रा वचन र कार्यहरूलाई प्रयोग गरी आफ्नो महिमाका निम्ति आफ्ना उद्देश्यहरू पूरा गर्न सामर्थ्यसाथ काम गर्नुहुन्छ।

परमेश्वर के भन्नुहुन्छ, ध्यान दिएर सुन्नुहोस्...
तपाईंले गर्नुभएको प्रार्थना उहाँ सुन्नुहुन्छ।

परमेश्वरको वचनद्वारा कसरी प्रार्थना गर्ने भन्नेसँग सम्बन्धित सरल सिद्धान्तहरू थाहा पाउन यो कार्ड पल्टाउनुहोस्। थप शिक्षाका लागि, हाम्रो वेबसाइट हेर्नुहोस्



मण्डली, समुदायहरू र सबै राष्ट्रहरूका लागि परमेश्वरको वचनअनुसार प्रार्थना गर्नुहोस्।

परमेश्वरको वचनअनुसार प्रार्थना गर्नु भनेको बाइबल खोलेर त्यसमा भएको सत्यलाई घोषणा गर्नुजत्तिकै सरल हुन सक्छ। तर, त्यस वचनमा मनन गर्दा हामीले अझ गहिरो समझ प्राप्त गर्छौं। पवित्र आत्मा सबैभन्दा उत्तम शिक्षक हुनुहुन्छ। गहिरो र प्रभावकारी रूपमा प्रार्थनामा माग्नका लागि यी सरल चरणहरू पछ्याउँदै, उहाँलाई तपाईंलाई सम्पूर्ण सत्यतामा डोऱ्याउन दिनुहोस्।

येशूले गर्नुभएझैं प्रार्थना गर्न **समय छुट्ट्याउनुहोस्**। उहाँले अगुवाइ गर्नुभएअनुसार उपवास बस्नुहोस्। लूका ५:१६, मत्ती ६:१७

सम्भव भएसम्म, येशूले सिकाउनुभएझैं **अरूहरूसँग एकसाथ भेला हुनुहोस्**। मत्ती १८:१९–२०

पाप-स्वीकार र पश्चात्तापद्वारा **आफूलाई तयार पार्नुहोस्**। १ यूहन्ना १:९

परमेश्वरको आराधना गर्नुहोस् र उहाँको चरित्रको कदर गर्नुहोस्। मत्ती ६:९

पवित्र आत्माको सुरक्षा माग्नुहोस्। एफिसी ६:१०–१८

परमेश्वरको हृदयमा के छ भनी उहाँले तपाईंको **मनमा प्रकाश पार्नुहुनेछ भन्ने अपेक्षा गर्नुहोस्,**जसले तपाईंलाई माग्नका लागि एकाग्रता दिनेछ। यशैया ५५:८

उपयुक्त धर्मशास्त्रको खण्डमा **अगुवाइ गर्न परमेश्वरमाथि भरोसा राख्नुहोस्**। भजनसंग्रह ३७:२३

पवित्र आत्माले कुनै विशेष शब्द वा विचारहरूमा तपाईंको ध्यान नतानुञ्जेल त्यस खण्डलाई **ध्यानपूर्वक र बारम्बार पढ्नुहोस्**। यूहन्ना १६:१३

समझका लागि परमेश्वरको प्रतीक्षा गर्दै **त्यसमा मनन गर्नुहोस्**। भजनसंग्रह ११९:३०

परमेश्वरको वचनमा मनन गर्दा उहाँबाट प्राप्त हुने अन्तर्दृष्टिहरूप्रति **व्यक्तिगत रूपमा प्रतिक्रिया दिनुहोस्** र त्यसको सत्यतालाई आफ्नो जीवनमा प्रभाव पार्न दिनुहोस्। इजकिएल ३:१

परमेश्वरले आफ्नो वचनबाट तपाईंलाई देखाइरहनुभएको सत्यताले उहाँका उद्देश्यहरूका निम्ति माग्न कसरी अन्तर्दृष्टि दिन्छ भनी **ध्यानपूर्वक विचार गर्नुहोस्**। १ कोरिन्थी २:१०

परमेश्वरले तपाईंलाई देखाउनुभएको कुरा लेखेर वा आपसमा छलफल गरेर साझा गर्नुहोस्, ताकि उहाँले प्रत्येक व्यक्तिलाई प्रकट गर्नुभएको कुरा सबैले बाँड्न सकून्। हबकूक २:२

तपाईंका बिन्तीहरू शक्तिशाली हतियारहरू हुन् भन्ने विश्वास गर्दै, परमेश्वरले तपाईंलाई देखाउनुभएका कुराहरूका लागि प्रार्थनामा **उहाँसँग माग्नुहोस्**। २ कोरिन्थी १०:४–६; याकूब ५:१६

परमेश्वरले तपाईंलाई गर्न भन्नुहुने जुनसुकै कुरामा पनि **पूर्ण रूपले आज्ञाकारी हुन** तयार रहनुहोस्। यूहन्ना २:५

परमेश्वरले प्रार्थनाको जवाफ दिनुहुन्छ भनी **उहाँलाई धन्यवाद दिनुहोस्**। १ यूहन्ना ५:१४